मितिः २०७८।०३।१८ गते

# १०५ औं कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. १: १०४ औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

निर्णय नं. २: शुक्लाफाँटा नगरपालिकामा भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यबस्थित बसोबासीको विवरण र तथ्याङ्क संकलन इकाईमा कार्यरत पदाधिकारी र कर्मचारीको सेवा सुविधा सम्वन्धि कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

निर्णय नं. ३: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कंचनपुरको प. सं. अनु. ३८७ (३क)।२०७७।०७८ च. नं. २९९२ मिति २०७८।०३।१७ को पत्र कार्यपालिका समक्ष प्रस्तुत गरियो ।

निर्णय नं. ४: विपद व्यबस्थापन कोषबाट देहाय वमोजिमको आर्थिक सहयोग भुक्तानी गर्ने।

क) जिल्ला समन्वय समिति सदस्य श्री बलराम पन्तलाई विल अनुसारको रू. १,५०,०००।(एक लाख पचास हजार) मा नबढ्ने गरि ।

ख) वडा नं. ६ बस्ने खेलाडी श्री पवन ऐर १ नं. वडा कार्यालयको आयोजनामा संचालन भएको क्रिकेट खेल खेल्ने क्रममा घाईते भएकोले विल बमोजिम रू. ५०,०००।(पचास हजार)मा नबढ्ने गरि ।

ग) वडा नं. ४ बस्ने श्री विशाल ओड नगरपालिकाबाट संचालन भएको क्वारेन्टाईनमा बसेको अवधिमा भवनको छतबाट खसेर घाईते भएकोले विल बमोजिम रू. ५०,०००।(पचास हजार)मा नबढ्ने गरि।

निर्णय नं. ५: १०४ औं कार्यपालिका बैठकका देहाय बमोजिम निर्णयहरू संसोधन गर्ने ।

क) निर्णय नं. १२ को सट्टा सुकुम्बासी समस्या समाधान कोषको रकम देहाय बमोजिम खर्च गर्ने

| क्र.स. | बिषय | रकम रु |
|---|---|---|
| १ | तथ्यांक संकलनको ज्याला | रु ९,००,०००।— |
| २ | डाटा प्रबिष्टीकर्ताको ज्याला | रु १,००,०००।— |
| ३ | फर्निचर, कम्प्युटर, प्रिन्टर, फ्रिज लगायत कार्यालय व्यवस्थापन खर्च | रु ६,००,०००।— |
| ४ | सहजीकरण समिति भत्ता | रु १४,००,०००।— |

| | | |
|---|---|---|
| ५ | घर बहाल | रु १,००,०००।— |
| ६ | संचार खर्च | रु ५०,०००।— |
| ७ | स्टेशनरी खर्च | रु ३,००,०००।— |
| ८ | खाजा खर्च | रु ७,००,०००।— |
| ९ | तालीम तथा अन्य | रु २,००,०००।— |
| १० | कर्मचारी भत्ता | रू १४,००,०००।- |
| ११ | बिबिध खर्च | रु २,५०,०००।— |
| | **जम्मा** | रु ६०,००,०००।— |

ख) निर्णय नं. १३ को सट्टा स्याली, सुनवरा र वनहरा नदिको प्रारम्भिक वातावरणीय परीक्षण कार्यसूची स्वीकृत गर्ने ।

निर्णय नं. ६: २०७८ साल साउन १ गते देखि २० गते सम्म कोभिड-१९ व्यबस्थापनमा भएको खर्च कोभिड १९ व्यबस्थापन समितिको मिति २०७७।०४।२२ गतेको निर्णय अनुसार देहाय बामोजिम गर्ने ।

क) देहाय बमोजिमका खर्च हरू चालु आ. व. मा नियमानुसार भुक्तानी दिने।

अ) कृष्ण बैजनाथ उ. मा. वि. क्वारेन्टाईन आईसोलेसन व्यबस्थापन खर्च रू २,०८,१५०।

आ) भान्छे र सहयोगी कर्मचारीहरूको पारश्रमिक रू ४४,२५० ।

इ) भाँडा कुडा प्रयोग गरे बापतको भाडा तथा भाँडा कुडा नोक्सानको क्षतिपुर्ती रू ८४,६०० ।

ई) लुगा कपडा व्यबस्थापन खर्च रू १,३५,०००।—

उ) स्वास्थ्यकर्मी र ड्राईवरहरूको रेन कोट खरिद रू २८,०००।—

**जंम्मा: रू. ५,००,००० ।-**

ख) देहाय बमोजिमको खर्च बजेट अभावको कारण आगामी आ. व. मा भुक्तानी दिन कार्यपालिकामा प्रस्तुत गर्ने

अ) भाँडा कुडा प्रयोग गरे बापतको भाडा तथा भाँडा कुडा नोक्सानको क्षतिपुर्ती रू १५,४०० ।

आ) सिद्दबैजनाथ मा. वि. मा क्वारेन्टाईन संचालन खर्च रू. २,५०,०००।—

इ) धर्मजनता मा वि मा क्वारेन्टाईन संचालन खर्च रू. ३२,०००।—

ग) कोभिड-१९ व्यबस्थापन समितिमा पेश नभई सोझै कार्यपालिकामा पेश भएका देहायका खर्चहरू भुक्तानी बाकी रहने ।

अ) वडा नं. ४ मा क्वारेन्टाईन संचालन खर्च रू. ७०,०००।—

आ) वडा नं. १० को क्वारेन्टाईन संचालन खर्च रू २५,०००।-

इ) वडा नं. ११ को बिद्युत महशुल तथा क्वारेन्टाईन संचालन खर्च रू ९०,०००।-

**निर्णय नं. ७:** बिभिन्न वडाकार्यालयरू बाट प्राप्त देहायका योजनाहरू शिर्षक परिवर्तन तथा रकमान्तर गर्न नगर सभामा पेश गर्ने ।

शिर्षक परिवर्तन तथा रकमान्तर

| सि. नं. | हालको योजना | शिर्षक नं. | घटाउने रकम | प्रस्तावित योजना | शिर्षक नं. | बढाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. १- सडक अधिकार क्षेत्र कायम गर्न पिलर खरिद योजना | | १००००० | वडा नं. १-कम्प्युटर तालिम तथा ड्राईभिङ तालीम | | १००००० | |
| २ | मेचिङ फण्ड | | १०००००० | वडा नं. ५ डि पि आर खेल मैदान र बनसमिति पिपलाडी सडक ढल निकास डि पि आर | | ५००००० | |
| | | | | सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण शैलेश्वरीलाई भौतिक संरचना मर्मत, आवश्यक पूर्वाधारहरूको निर्माण तथा व्यबस्थापनका लागि अनुदान | | ५००००० | |
| ३ | वडा नं. ५ खेलकुद मैदान निर्माण | | २००००० | बडा नं. ५ खाल्डा खुल्डी पुर्ने तथा होम पाईप जडान कार्य | | २००००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वडा नं. ६ कृषि विउविजन तथा मलखाद अनुदान बाट रकमान्तर भएको कमलताल सडक मर्मत | | ६४००० | ६ नं. वडाका शाखा वाटो सडक मर्मत | | ६४००० | |
| ५ | वडा नं. ७ बैजनाथ मन्दिर निर्माण पितास्बर | | ४००००० | चिन्ता भट्टको जमिनमा डिप ट्युववेल तथा अन्य टोलमा स्यालो ट्युववेल निर्माण | | ४००००० | |
| ६ | वडा नं. ९ शिव मन्दिर धर्मशाला निर्माण | ३११५९ | १००००० | वडा नं. ९ शाखा सडक तथा मुल सडक मर्मत सम्भार | | १००००० | |
| ७ | वडा नं. ९ घर कटुवा नदिमा फलामेपुल निर्माण | ३११५१ | १००००० | वडा नं. ९ नौखरि देखि गौशाला सम्म विद्युत ३ फेज लाईन विस्तार | | १००००० | |

**निर्णय नं. ८:** सुदूरपश्चिम प्रदेश समाजिक विकास मन्त्रालय अन्तरगत स्थानीय बाजा संरक्षण कार्यक्रम संचालनको लागि दुर्गम क्षेत्र विकास समाज नेपाल कंचनपुर संग भएको सम्झौता वमोजिम रू १ लाखको २०% ले हुन आउने रकम स्थानीय तहले साझेदारी गर्नु पर्ने भएकोले रू २०,०००।— समपुरक कोषबाट नियमनुसार भुक्तानी दिने ।

**निर्णय नं. ९:** विभिन्न संघ संस्ताबाट आ. व. २०७८।०७९को लागि माग भएका योजना तथा कार्यक्रमहरू कार्यपालिकामा प्रस्तुत गरियो ।

**निर्णय नं. १०:** आगामी आ. व. २०७८/०७९ को बजेट बाँडफाँड सम्बन्धमा अर्को कार्यपालिकामा छलफल हुने गरि प्रस्ताव पेश गरियो ।

**निर्णय नं. ११:** आगामी कार्यपालिका बैठक मिति २०७८।०३।२२ गते बिहान ११:०० बजे नगर सभाहलमा बस्ने ।